# नरहरिनाथ गाउँपालिकाका उपाध्यक्ष कमल कुमार शाहले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८२।०८३ को

# बजेट बक्तव्य

नरहरिनाथ गाउँकार्यपालिकाको कार्यालय

कुमालगाउँ, कालिकोट

२०८२।०३।१०

# आर्थिक वर्ष २०८२।०८३ को बजेट बक्तव्य

**गाउँसभाका सभाध्यक्षज्यू,**
**तथा सदस्यज्यूहरू,**

नेपालको संविधान जारी भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन भई गठन भएको १७ औं गाउँसभामा आर्थिक वर्ष २०८२।८३ को बजेट पेश गर्न पाउँदा गौरव महशुस गरेको छु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था परिवर्तन गर्न आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामिले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम र बजेट त्यस तर्फ नै निर्देशित रहेको छ । जनता समक्ष प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, स्रोत साधनमा बृद्धि र प्रणालीको विकास गर्ने निति अवलम्बन  गर्न प्रस्ताव गरिएको छ ।शिक्षा, स्वास्थ्य, रोजगारी,उद्यमशिलता, सामाजिक विकास, यूवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, मानव अधिकार प्रर्वद्धन जस्ता विषयगत क्षेत्रहरुका लागी विशेष यो बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु।

सिमित स्रोत साधनको व्यवस्थापन गर्दै जनताका विकासका अपेक्षाहरू सम्बोधन गरी सामाजिक न्याय प्राप्ती गर्नुपर्ने चुनौती गाउँपालिकामा रहेको छ। नेपालको संविधान, सोह्रौं योजनाको लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गरी कार्य संचालन गर्नु परेको अवस्था छ।यस महत्वपूर्ण समयमा बजेटलाई पूर्णता दिन अमूल्य सहयोग, सुझाव तथा सल्लाह दिने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मी बुद्धिजीविहरू, पत्रकार, नागरिक समाज, श्रमिक वर्ग, राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संघ संस्थाहरू तथा अन्य सरोकारवालाहरु प्रति हार्दिक आधार व्यक्त गर्दै आगामी दिनमा समेत सकारात्मक तथा रचनात्मक भूमिका निर्वाह गर्न अपिल समेत गर्दछु।

स्थानिय सरकारको रुपमा नरहरिनाथ गाउँपालिकाले व्यवस्थापकीय, कार्यकारी र न्यायीक अधिकारको प्रयोग गर्दै आएको छ ।यस सम्मानित गाउँ सभामा बजेट तथा कार्यक्रमको अतिरिक्त आर्थिक विधेयक र विनियोजन विधेयक समेत प्रस्तुत भई पारित गर्ने कार्यक्रम रहेको छ ।

**आदरणीय गाउँ सभाका सभाध्यक्ष ज्यू**
**र सभाका सदस्य ज्यूहरु,**

अब म सभा समक्ष चालु आर्थिक बर्ष २०८१/८२ को आम्दानी तथा खर्चको समग्र अवस्था सम्बन्धमा संक्षेपमा समिक्षा गर्ने अनुमति चाहान्छु ।

**आम्दानी तर्फ**

नरहरिनाथ गाउँपालिकामा आर्थिक बर्ष २०८१/८२ मा आन्तरिक श्रोतबाट २ करोड ९१ लाख ६६ हजार र बाह्य श्रोतबाट रू.५४ करोड २० लाख ६९ हजार गरि कुल आम्दानी रु. ५७ करोड १२ लाख ३५ हजार हुने अनुमान गरिएकोमा सम्वत २०८२ असार ९ गते सम्ममा आन्तरिक श्रोतबाट रु. ३ करोड ३ लाख ४९ हजार ३ सय १६ आम्दानी भएको छ, जुन लक्ष्यको तुलनामा शत प्रतिशत हुन आउछ । बाह्य आम्दानी तर्फ रू ४७ करोड ६७ लाख १९ हजार आम्दानी भएको छ । जुन लक्ष्यको तुलनामा करिव ९० प्रतिशत हुन आउछ । २०८२ असार मसान्त सम्म आन्तरिक र बाह्य गरि कुल रु. ५० करोड ५८ लाख ८५ हजार आम्दानी भएको छ, जुन लक्ष्यको तुलनामा ८८.५५ प्रतिशत हुन आउछ । नरहरिनाथ गाउँपालिकाले लिएको नीति अनुरूप अपेक्षित राजश्व संकलन कम भएको व्यहोरा जानकारी गरिन्छ ।

**विनियोजन तर्फ**

चालु आर्थिक बर्ष २०८१/०८२ का लागी नरहरिनाथ गाउँपालिकाबाट कुल रू. ५७ करोड १२ लाख ३५ हजार रुपैयाँ बजेट विनियोजन गरिएको थियो । विनियोजन बजेट मध्ये २०८२ असार ९ गते सम्ममा चालु तर्फ रू २३ करोड ५२ लाख १ हजार खर्च भएको छ । पुँजिगत एवम् पूर्वाधार तर्फ रू ७ करोड ८८ लाख ९४ हजार रूपैयाँ गरि कुल रू ३१ करोड ४० लाख ९६ हजार खर्च भएको छ, जुन आम्दानीको ६२ प्रतिशत हुन आउँछ ।

**सभाध्यक्ष महोदय,**

अव म आगामि आर्थिक बर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम यस १७ औं गाउँ सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु। आगामि बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**अव म आगामी आर्थिक बर्ष २०८२।८३ को बजेटको उद्देश्य तथा प्राथमिकता पेश गर्न अनुमती चाहन्छु। बजेटका उद्देश्यलाई निम्न अनुसार प्रस्तुत गरेको छु।**

१. सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास मार्फत समुन्नत र समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा गाउँपालिकाको आर्थिक गतिविधि मार्फत योगदान गर्ने,
२. उच्च, दिगो एवम् पराकिलो आर्थिक बृद्धि हासिल गरि गरिबि निवारण गर्ने,
३. **"स्थानीय तहको जिम्मेवारी, मिशन रोजगारी, सरोकारवाल सबैको साझेदारी"** कार्यक्रम सञ्चालन गर्ने,
४. उद्यमशिलता विकास र सार्वजनिक तथा निजी लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने,

५. "आ.ब. २०८२/०८३ को कार्यक्रम तथा नीति : नरहरिनाथ गाउँपालिकाको विकास र समृद्धि",
६. गाउँपालिका र मातहतका कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सार्वजनिक सेवाहरुलाई थप प्रभावकारी बनाउने,
७. शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, पूर्वाधार, सामाजिक क्षेत्रको लगायत अन्य क्षेधको विकास गर्ने
८. मानव संसाधन विकास गर्नु,
९. उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु,
१०. गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने ,
११. समावेशिता र सामाजिक सुरक्षा र सुशासन प्रवर्द्धन तथा  सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने
१२. गाउँपालिका बासिहरुको स्वास्थ्य र शिक्षा सेवालाई सहज र गुणस्तरीय बनाउने,
१३. गाउँपालिकाको शासकीय पद्धतिमा सुधार गरी आम नागरिकलाई सुशासनको अनुभूती गराउने

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८२/८३ को लागि नरहरिनाथ गाउँपालिकाको अनुमानित आयको विवरण प्रस्तुत गर्न गइरहेको छु।**

नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त हुने अनुमानित रु ११ करोड ५४ लाख, सशर्त अनुदान चालु तर्फ रु २२ करोड ५१ लाख,  पुंजीगत १ करोड ७ लाख, विशेष अनुदान ६९ लाख, समपुरक अनुदान १ करोड, सामाजिक सुरक्षा भत्ता ११ करोड ९४ लाख ५८ हजार  र राजश्व बाँडफाँडबाट प्राप्त हुने ९ करोड ८२ लाख ३१ हजार गरि संघिय सरकारबाट विनियोजित रकम रू ५८ करोड ५७ लाख ८८ हजार रहेको छ ।

**त्यसै गरि प्रदेश सरकारबाट विनियोजित** समानीकरण अनुदान १ करोड ५७ लाख ५८ हजार, सशर्त अनुदान चालु तर्फ १२ लाख ८८ हजार, सशर्त अनुदान पूँजीगत २ करोड ५ लाख, राजश्व बाँडफाँड १५ लाख ४ हजार ५  सय  रूपैया गरि प्रदेश सरकारबाट विनियोजित रकम रू ३ करोड ९० लाख ५० हजार ५ सय रहेको छ ।

गाउँपालिकाको अनुमानित आन्तरिक **राजश्व ३०** लाख र गत वर्षको बाँकी मौज्दात अनुमानित रकम रू १ करोड गरी कुल जम्मा **रु ६३ करोड ७८ लाख ३८ हजार ५ सय**  अनुमानित गरिएको छ। **जसमध्ये ६० प्रतिशत चालु तथा ४० प्रतिशत पुँजीगत खर्च हुनेगरी विनियोजन गरिएको छ।**

**सभाध्यक्ष महोदय,**

**कृषि तथा पशुपंन्क्षी विकास**

१. कृषकसँग उपाध्यक्ष कार्यक्रमलाई थप प्रभावकारी बनाउने उद्देश्यले विभिन्न साझेदारी निकायहरु सँग लागत साझेदारी गरि यस आर्थिक बर्षमा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिइएको छु ।
२. गाउँपालिका बासि कृषकहरुले उत्पादन गरेका कृषि बस्तु ढुवानी तथा बजारीकरण गर्न आवश्यक व्यवस्था गरेको छु ।

३. उत्पादनमा बृद्धि ल्याउनका लागि गुणस्तरीय विउको मागलाई पुरा गर्न नगदे बालीको विउ वा विज विकास गर्न सामुदायिक बिउ बैंक तथा जैविक कृषि प्रवर्द्धन कार्यक्रम मार्फत स्थानीय, रैथाने तथा उन्नत जातका कृषि बालीवस्तुको बीउ संकलन तथा संरक्षण गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

४. नश्ल सुधारका लागी उन्नत जातका राँगा, बोका र साँढेहरु प्रत्येक वडामा वितरणका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

५. मकैवालीको प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिएको छु गाउँपालिकामा आवश्यक र वडा कार्यालयमा कृषि प्राविधिक जनशक्तिको व्यवस्था गरी कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्य गरिनेछ।

६. **प्राङ्गारिक कृषि उत्पादनमा बृद्धि, हरित क्रान्तिमा आधारित सम्बृद्धि** भन्ने नाराका साथ प्राङ्गारिक कृषि प्रणाली ( जस्तै एकिकृत शत्रु जिव व्यवस्थापन) को माध्यामबाट निर्वाहमुखी कृषि पेशालाई व्यावसायिक एवं प्रतिस्पर्धी बनाई कृषकको आय बढाउने नीति अवलम्वन गरेको छु।

७. कृषि उत्पादन बिक्रिको सुनिश्तिता र निर्मित कृषि संरचनाको उपयोगका लागि प्रत्येक महिनाको १५ गते गाउँपालिकाको केन्द्र कुमालगाउँमा हाटबजार अभियान संचालन गरि प्रत्येक वडा कार्यालयमा थप बजारीकरण गर्नका लागि आवश्यक समन्वय तथा सहजिकरण गरेको छु ।

८. कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु। कृषि रणनीतिक योजना अध्ययन, अनुसन्धान तथा विकासको लागि बजेट विनियोजन गरेको छु। कृषि पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइएको दिइएको छू, जसको लागि बजेट विनियोजन गरेको छु। गाउँपालिकाको सम्भाव्य क्षेत्रमा दलहन वाली पकेट क्षेत्र विकासको लागि निरन्तरता दिएको छु।

९. पालिकामा संचालित सरकारी बिद्यालयहरुमा तरकारी तथा च्याउ खेती प्रविधि सम्बन्धी तालिम संचालन मार्फत दिवा खाजा व्यवस्थापनका लागि बिद्यालयमा नै उत्पादन गरि पोषण सुधारमा गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

१०. कृषकहरुका पशुपंक्षिमा लाग्ने रोगहरुको निदान गर्न भेटेरिनरि प्रयोगशालाको व्यवस्थापन गरि प्राविधिकहरुलाई उचित तालिमको व्यवस्थापन गरि थप प्रभावकारी रुपमा सेवा प्रवाह गर्न आवश्यक पहल गरेको छु ।

११. आर्थिक बर्ष २०८१/०८२ मा कृषि पेशालाई व्यवसायिक रुपमा अगाडी बढाइ गाउँपालिकामा नमूना कृषकको रुपमा रहेका कृषकलाई चालु आर्थिक बर्षमा उत्कृष्ट कृषकको रुपमा सम्मान गरिएको र आगामी आर्थिक बर्ष २०८२/०८३ मा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिएको छु।

१२. विभिन्न माहामारी रोगहरु जस्तै पि.पि.आर, खोरेत, रेविज, लम्पि स्किन, पार्भो र रानिखेतको प्रकोपलाई रोकथाम गर्न पशुपंक्षि खोप अभियान सञ्चालन गरिनुका साथै पशुपंक्षि उपचार सेवाको पहुचबाट टाढा रहेका पशुपंक्षिहरुको उपचारका लागी एकिकृत घुम्ति पशु स्वास्थ्य शिविर संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

## सडक तथा भौतिक पूर्वाधार

१. नरहरिनाथ गाउँपालिका अन्तर्गत रिङ्गरोड सडक निर्माणलाई उच्च प्राथमिकता दिइएको छु। सैन्य खोला देखि नुवादेवमाडु सम्म सडक निर्माणका लागी बजेट रू १ करोड विनियोजन गरेको छु ।

२. छिल्पे खोला सडक स्तरोन्नतिका लागि बजेट रू ४० लाख विनियोजन गरेको छु ।

३. विश्व बैंक तथा प्रदेश आयोजना कार्यान्वयन ईकाइबाट यस गा.पा.मा लालीघाट कोटवाडा हुँदै गाउँपालिका सम्मको सडक स्तरोन्नतीका लागि आवश्यक पहल गरेको छु । विश्व बैंकको मापदण्ड अनुसारको DPR र IEE को कार्य प्रारम्भ गर्नका लागि आवश्यक पहल गरेको छु।

४. गाडेबाँज तटबन्धन वडा नं ५ मा बजेट रू २० लाख विनियोजन गरेको छु ।

५. वडा नं.१ र २ का ८०० भन्दा बढी विपन्न गरिब तथा दलित घरधुरीका लागी खानेपानी निर्माण योजनाका लागि बजेट रु ६९ लाख विनियोजन गरेको छु ।

६. वडा नं. ९ को बिच गाउँको गोरेटो बाटो देखि रुपादेवी माईको मन्दिर सम्म सडक स्तरोन्नतिका लागि बजेट रू २५ लाख विनियोजन गरेको छु ।

७. गाउँपालिकाको केन्द्र देखि वडा नं.४ को कार्यालय स्वास्थ्य चौकी रुप्सा हुँदै वडा नं. ५ कार्यालय सम्म जोड्ने सडक निर्माणका लागि बजेट रु १ करोड २० लाख विनियोजन गरेको छु ।

८. सुरक्षित नागरीक आवस कार्यक्रम कालिकोट जिल्ला क्षैत्र नं १ अन्तर्गत नरहरिनाथ गाउँपालिका १०२ वटा स्वीकृत आवस संख्या अनुसार २०८१/०८२ सम्म सम्झौता भएका लाभग्राहीको लागि भुक्तानी गर्नका लागि बजेट रू १६ लाख विनियोजन गरेको छु ।

९. वडा नं. २ को वडा कार्यालय भवन निर्माण गर्नका लागि बजेट रू ५० लाख विनियोजन गरेको छु

१०. धाँचु देखि दुदुल्ली सम्म सडक निर्माणका लागि बजेट रू ३० लाख विनियोजन गरेको छु ।

११. खोदाई देवता मन्दिर निर्माण वडा नं. १ मा बजेट रू १५ लाख विनियोजन गरेको छु ।

१२. गाउँपालिका भित्र निर्माण हुने पूर्वाधारहरु अपाङ्गमैत्रि बनाइने छ ।

**१३. माल्कोट अमना गणेशपुर हुदैं नेवलपधेरा सम्म सडक निर्माणका लागी रू १ करोड विनियोजन गरेको छु ।**

१४. छेपाडे खर्क देखि अछाम जिल्लाको सिमाना सम्मको अन्तर प्रदेश सडक निर्माणका लागी रू ५० लाख विनियोजन गरेको छु ।

१५. गाउँपालिका केन्द्र देखि वडा नं. ४ र ५ जोड्ने सडक निर्माणका लागी रू १ करोड विनियोजन गरेको छु ।

१६. गाउँपालिका केन्द्र देखि छेडा माल्कोट पडाघट्ट जाने सडक स्तरोन्नतिका लागि बजेट रु ५५ लाख विनियोजन गरेको छु ।

१७. वडा कार्यालय निर्माण भई सकेका वडा कार्यालयबाट चुस्त दुरुस्त सेवा प्रवाह गर्नुका साथै वडा कार्यालयको भवन निर्माण नभएका वडा कार्यालयका लागी प्रदेश सरकार समक्ष बजेट मागका लागी आवश्यक पहल गरेको छु ।

१८. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत बजेट रू ६ लाख विनियोजन गरेको छु ।

१९. गाउँपालिकाको केन्द्र देखि वडा कार्यालय सम्म सडक संजालमा नजोडीएका वडा कार्यालयहरु तथा बस्तिस्तर सम्म सडक संजालमा जोडनका लागी आवश्यक बजेट संघीय सरकार तथा प्रदेश सरकार समक्ष प्रदेश सरकार समक्ष पहल गरेको छु ।

२०. लालीघाट देखि गाउँपालिका सम्म र खुलालु देखि लालु, धाँचु र रातिमाटि सम्मको सडको स्तरोन्नति गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

२१. नरहरिनाथ गाउँपालिका वडा नं. ८ अन्तर्गत पर्ने खुलालुमा प्रवेशद्वारा निर्माणका लागि बजेट रु १२ लाख ५० हजार विनियोजन गरेको छु ।

२२. घट्टेखोला देखि सितला सम्म सिँचाई कुलो निर्माण वडा नं. ९ मा बजेट रू ३ लाख विनियोजन गरेको छु।

२३. झुलखोला देखि देउलपडा सम्म PCC बाटो निर्माण वडा नं. २ मा बजेट रू ३ लाख विनियोजन गरेको छु ।

२४. बैठोला देखि रुपादेवी विद्यालय सम्म PCC बाटो निर्माण वडा नं. ७ मा बजेट रू ३ लाख विनियोजन गरेको छु ।

२५. काटिरुप्सा मुल सडक देखि भगाडे सम्म PCC बाटो निर्माण वडा नं. ५ मा बजेट रू ३ लाख विनियोजन गरेको छु ।

२६. दोविटा पुल देखि काप्ला हुँदै पाङ्ग्र सम्म PCC बाटो निर्माण वडा नं. ४ मा बजेट रू ३ लाख विनियोजन गरेको छु ।

**जनस्वास्थ्य**

१. योगी नरहरिनाथ आधारभूत अस्पताल र गाउँपालिका मातहतका सबै स्वास्थ्य संस्था तथा आँखा उपचार र नागरिक आरोग्य केन्द्रका लागि आवश्यक औषधि खरिद गर्न बजेट रु **४० लाख** विनियोजन गरेको छु।

२. जेष्ठ नागरिक तथा अशक्त, अपाङ्ग र लचित वर्गको घरदैलो स्वास्थ्य शिविर तथा सर्वेक्षण कार्यक्रमको लागी आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

३. स्वास्थ्य चौकीहरुमा स्तनपान कक्ष निर्माणका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. नरहरिनाथ गाउँपालिकामा रहेका सम्पूर्ण प्रसुति केन्द्रहरुबाट प्रेषण भएका सुत्केरी तथा गर्भवति आमाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान र रिफर गरिएका सुत्केरीहरुका लागी यातायात खर्चको व्यवस्थापन गरेको छु साथै जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सहिद परिवारका व्यक्ति र विपन्न घरपरिवारलाई बिशेष छुटको व्यवस्थापन गरेको छु ।

५. सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि भौतिक पूर्वाधार र प्रयोगशाला व्यवस्थापनमा जोड दिदै योगी नरहरिनाथ आधारभूत अस्पताललाई थप व्यवस्थित बनाउनका लागि बजेट रू १५ लाख विनियोजन गरेको छु ।

६. दिर्घरोगि स्वास्थ्य कार्यक्रम, बालमैत्री सेवा केन्द्र स्थापना, मनोसामाजिक परामर्श केन्द्र स्थापना साझेदारी स्वास्थ्य बिमा कार्यक्रम तथा विषेशज्ञ स्वास्थ्य शिविर कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७. गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक कार्य गरिनेछ। स्वास्थ्य कर्मचारिको दरबन्दीलाई आवश्यकताको आधारमा व्यवस्थापन गरिनेछ।

८. सुरक्षित मातृत्व बाल स्वास्थ्य पोषण खाद्य स्तरोन्नति लगायत प्रवर्द्धनात्मक प्रतिकारात्मक उपचारात्मक र पुनर्स्थापनाका कार्यक्रम तथा प्राणघातक रोग क्यान्सरबाट जोगाउन गाउँपालिका भरि स्कृनिङ्ग शिविर र महिलाहरुमा देखिने गरेको पाठेघर मुखकको क्यान्सर रोकथाम गर्न स्कृनिङ्ग तथा खोप अभियानका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

९. एकिकृत स्वास्थ्य शिविरका संचालन गर्नका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**बहुक्षेत्रीय पोषण योजना**

१. नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष्य, उद्देश्य कार्यान्वयन गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधारको लागि नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानको अलवा स्थानीय तहबाट समेत थप श्रोत रकम रू २ लाख विनियोजन गरेको छु ।

**शिक्षा**

१. आगामी जिल्लास्तरिय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता कार्यक्रम संचालन गर्नका लागी बजेट रू ३० लाख विनियोजन गरेको छु ।
२. रह कर्णाली आधारभूत विद्यालय खुलालुमा बजेट रु १० लाख विनियोजन गरेको छु ।
३. शिक्षा क्षेत्रको गुणस्तरियता अभिवृद्धि गर्न आवश्यक प्रकृया अगाडी बढाइनेछ। विद्यार्थी अनुपातको आधारमा विद्यालय मर्ज र शिक्षक व्यवस्थापन कार्यलाइ निरन्तरता दिएको छु।
४. **बाल विकास केन्द्र र विद्यालय कर्मचारीहरुको लागि नेपाल सरकारको नीति अनुसार तलवलाई निरन्तरता दिने व्यवस्था गरेको छु ।**
५. विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
६. प्रत्येक त्रैमासिक रुपमा गाउँपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद शाखा र गाउँपालिकाबाट संयूक्त अनुगमन गरि सम्पूर्ण विद्यालयहरुको अनुगमन पश्चात उक्त अनुगमनको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नका लागी आवश्यक व्यवस्था गरेको छु ।
७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न शिक्षकहरुलाई प्रविधि मैत्री सिप विकास शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाइ आदान प्रदानका कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
८. सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्न आवश्यक बजेटको लागी पहल गरेको छु ।
९. आगामी राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रम संचालन गर्नका लागी फिल्ड निर्माणका लागी बजेट रु २० लाख विनियोजन गरेको छु।

**कला, संस्कृति तथा पर्यटन**

१. राष्ट्र गुरु योगी नरहरिनाथको शालिक र सहिद स्तम्भ निर्माण गर्नका लागि आवश्यक बजेट रू १० लाख विनियोजन गरेको छु ।
२. नरहरिनाथ गाउँपालिका भित्र विभिन्न स्थानमा सहिद स्मृति पार्क निर्माण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. गाउँपालिकामा रहेका सम्पूर्ण कला तथा संस्कृतिको संरक्षण तथा जगेर्ना गरिनेछ।
४. राष्ट्र गुरु योगी नरहरिनाथको जन्म जयन्तिको अवसरमा रहगाडमा मेलाका लागी आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

५. गाउँपालिका सांस्कृतिक सम्पत्तीको रुपमा रहेका मेला तथा महोत्सव र अन्य चाडपर्व मार्फत पर्यटन प्रवर्द्धनका कार्य संचालन गर्नका लागि आवश्यक पहल गरेको छु ।
६. कुमालगाउँ देवल मन्दिर निर्माण वडा नं.३ मा बजेट रू ३ लाख विनियोजन गरेको छु ।
७. रुप्सामा मनाइने पुष्पाञ्जली शरद मेला र लालुमा मनाइने संगम साँस्कृति गानेचौर घाँसे मैदान मेलालई थप प्रवर्द्धन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
८. समग्र कला तथा संस्कृतिको जगेर्नाको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।
९. गाउँपालिकाका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सांस्कृतिक सम्पदाको पहिचान तथा संरक्षणको लागि तथ्याङ्क संकलन तथा अभिलेखीकरण कार्य संचालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

**सामाजिक सुरक्षा**

१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी र पार्दशिक बनाउन वास्तविक लाभग्राही सुनिश्चितताका लागी राष्ट्रिय परिचयपत्र नम्वर अद्यावधिक गरी अनिवार्य रुपमा वायोमेट्रिक भेरिफिकेशन गर्नका लागी वायोमेट्रिक स्क्यानर (Scanner) डिभाइस र आई रिस खरिद तथा संचालन गर्नका लगी आवश्यक बजेट विनियोजन गरेको छु ।
२. व्यक्तिगत घटन दर्ता सप्ताहा कार्यक्रम र स्थानीय पञ्जिकाधिरीलाई क्षमता विकास अभिवृद्धि कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. सामाजिक सुरक्षा तर्फ ११ करोड ९४ लाख ५८ हजार विनियोजन गरेको छु ।

**युवा, रोजगार तथा खेलकुद**

१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमका लागी **रकम रू ६७ लाख ७२ हजार विनियोजन गरेको छु ।**
२. कर्णाली प्रदेश सरकारद्धारा संचालित मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रति वडामा रू १५ लाखका दरले रकम रू १ करोड ३५ लाख विनियोजन गरेको छु ।
३. नरहरिनाथ गाँउपालिकामा रहेका व्याप्त बेरोजगारीलाई कम गर्न र आन्तरीक रोजगारी सिर्जना गर्न नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा सञ्चालित **राष्ट्रिय रोजगार पवर्द्धन कार्यक्रम संञ्चालन र** कर्णाली प्रदेश सरकारद्धारा सञ्चालित **मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई** प्रभावकारी तथा थप रोजगारी सिर्जना गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न आयोजनाहरु प्रभावकारी संचालन गर्न आवश्यक साझेदारि बजेट विनियोजन गरेको छु ।
५. युवा उद्यमी विकास कार्यक्रम संचालन गर्नका लागी आवश्यक बजेटको लागी पहल गरेको छु ।
६. राष्ट्रका लागी खेलकुद स्वास्थ्यका लागी खेलकुद भन्ने नारालाई साकार पार्न गाउँपालिकामा खेलकुदको विकास गर्न खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ।
७. माध्यामिक विद्यालयहरुमा अतिरिक्त खेलकुद संचालन गर्नका लागि बजेट रु १० लाख बिनियोजन गरेको छु ।
८. रहगाड खेलकुद मैदानको स्तरोन्नतिका लागी आवश्यक बजेट व्यावस्थापन गरेको छु ।

**सुशासन**

१. नरहरिनाथ गाउँपालिकाको प्रशासनीय भवनमा सूचना प्रविधि विभागसँग समन्वय गरि ई-हाजिरी जडान गरि पूर्ण रुपमा कार्यान्वय भइ सकेको छ र बाँकि वडा कार्यालय, माध्यामिक विद्यालय र स्वास्थ्य संस्थाहरुमा ई-हाजिरि जडान गरि पूर्ण रुपमा कार्यान्वयमा ल्याउनका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

२. आर्थिक बर्ष २०८१/०८२ सम्म खरिद गरिएका सम्पूर्ण सफ्टवेयर संचालन तथा व्यवस्थापन गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

३. जनयुद्ध तथा जनआन्दोलनको क्रममा ज्यान गुमाउनु भएका सहिदहरुका घरपरिवारलाई सम्मान गर्ने कार्यक्रमका लागी बजेट रू ३ लाख विनियोजन गरेको छु ।

४. नागरिकहरुको गुनासो, प्रतिक्रिया र अन्य केही सुझावहरु गाउँपालिकाको वेभसाइट www.naraharinathmun.gov.np मार्फत संकलन गर्ने कार्यको व्यवस्था मिलाएको छु ।

५. कर्मचारी र जनप्रनिधिहरुको क्षमता अभिबृद्धि विकासका कार्यक्रम संचालन गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

१. विगतका आर्थिक वर्षहरूमा महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको रुपमा औल्याइएको बेरूजू रकम न्यूनीकरणको कार्यलाई प्राथमिकताका साथ पूर्ण रूपमा कार्यान्वयन गरिनेछ ।

२. व्यवस्थापन तथा सर्भेक्षण (O&M) गरी गाउँपालिकामा रिक्त रहेका पदहरुमा प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम भरि प्रदेश लोक सेवा आयोगमा रिक्त दरबन्दीमा पदपूर्तीको लागी आवश्यक व्यवस्था गरिनेछ।

३. गाउँपालिका भित्रका विभिन्न क्षेत्रहरुको सम्भाव्यता अध्ययन विस्तृत परियोजना निर्माण, गुरुयोजना निर्माण तथा पुँजिगत अनुसन्धान तथा विकासको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

४. न्यायीक समितिबाट गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि गाउँपालिकामा न्यायिक इजलास निर्माण गरि सेवा प्रवाह गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**राजश्व प्रशासन**

१. गाउँपालिका र गाउँपालिका अन्तर्गतका शाखा र वडा कार्यालयहरुले प्रत्येक दिन संकलन भएको राजश्व सोहि दिन सफ्टवेयरमा आम्दानी बाँधि सोहि दिन बैंक दाखिला गर्ने र बैंकको पहुँचबाट टाढा भएका वडा कार्यालय र शाखाहरुले एक हप्ता भित्र सम्बन्धित बैंकमा राजश्व दाखिला गरि बैंक भौचर गाउँपालिकाको राजश्व इकाइमा पेश गर्नका लागी आवश्यक व्यवस्था गर्ने ।

२. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न राजश्वका स्रोतहरु पहिचान गरि राजश्वका दर र दायरा वृद्धि आर्थिक ऐन अनुसार गर्न विषेश जोड दिइनेछ।

३. स्थानीय कर प्रणालीलाई उत्पादन अभिवृद्धि र सामाजिक न्याय प्रवर्द्धन गर्ने तर्फ उन्मुख गरिएको छ। आन्तरिक राजश्वलाई पालिकाको भरपर्दो एवं दिगी वित्तीय स्रोतको रुपमा स्थापित गर्न विभिन्न आम्दानीका श्रोतहरुको पहिचान गर्ने कार्यलाई राजश्व नीतिको प्रमुख उद्धेश्यको रुपमा लिएको छु।

**वन वातावरण तथा विपद् व्यवस्थापन नीति**

१. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ बजेट रू २० लाख विनियोन गरेको छु ।

२. गाउँपालिकामा निर्माण भइसकेको स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना पूर्ण रुपमा कार्यन्वयन र विपद् जोखिम न्युनिकरणका निम्ति भौतिक पुर्वाधारले मात्र सम्भव नभएका कारण वायोइञ्जिनियरिङको अवधारणालाई पूर्ण रुपमा कार्यान्वयन गर्नका लागी आवश्यक बजेटका लागि विभिन्न संघ संस्था समक्ष पहल गरेको छु
३. नरहरिनाथ गाउँपालिमा रहेका प्रत्येक वडाहरुमा खोज तथा उद्धारका सामाग्रीहरुको व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

**ग्रामीण उद्योग तथा व्यापार**

१. नरहरिनाथ गाउँपालिकाका ९ वटै वडामा रहेको स्रोत साधनलाई प्रयोग गरी उद्यमशिलताको माध्यमबाट रोजगारी सृजना गर्न बाँस, निगालो, अल्लो, जुट, भाङ्ग, लोक्ता, केराको लोक्ता, बडु जस्ता रेसाबाट कपडा लगायत अन्य उत्पादन गर्नका लागि उद्योग सञ्चालन गरि गरिवी न्युनिकरणमा सहयोग पुग्ने उद्देश्यका साथ आवश्यकता पहिचानको आधारमा १ वडा १ उद्यमको स्थापना गर्नका लागि आवश्य बजेट विनियोजन गरेको छु ।
२. ढाँकाका विभिन्न बस्तु उत्पादन गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
३. विभिन्न किसिमका सीप विकास कार्यक्रम लगायत अन्य उद्यम सम्बन्धी कार्यम्रमका लागि बजेटको व्यवस्थापन गरेको छु ।

यो बजेट तयार गर्ने क्रममा टोल भेला देखि गाउँ कार्यपालिकाको बैठक सम्मका बजेट तर्जुमाका चरणमा प्रत्यक्ष अप्रत्यक्षरुपमा सुझाव सल्लाह सहित सहयोग पुऱ्याउनु हुने संलग्न सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरी यस कार्यमा प्रत्यक्ष संलग्न हुनु हुने जनप्रतिनिधि एवं कर्मचारी वर्गहरुमा धेरै धन्यवाद दिन चाहन्छु । त्यसै गरी आमगाउँबासी, निजीक्षेत्र, विकास साझेदार, नागरिक समाज प्रति पनि धन्यवाद दिन चाहन्छु। वजेट तर्जुमा एउटा पाटो हो भने यसको सफल कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हो। तर्जुमा गरिएको बजेट सही कार्यान्वय भएमा मात्र यसले सार्थकता पाउँछ । त्यसैले बजेटको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरोकारवालाको सहयोगको पूर्ण अपेक्षा गरेको छु । नरहरिनाथ गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउनु हुने आम नागरिकहरु, कर दाताहरु, निजी क्षेत्र, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाहरु, नागरिक समाज एवं सञ्चार जगत लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**

**कमल कुमार शाह**
**उपाध्यक्ष**
**नरहरिनाथ गाउँपालिका**